उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री हेमराज पन्त

माननीय न्यायाधीश श्री राजेश कुमार काफ्ले

**आदेश**

दायरी नम्बरः ०७६-WH-००१०

रजिष्ट्रेशन नम्बरः १३-०७६-०१२८२

निर्णय नं. :-२१५

**मुद्दा : बन्दीप्रत्यक्षीकरण।**

परिवर्तित नाम संकेत लखनवार र परिवर्तित नाम पुरैनाका हकमा अधिबक्ता श्री लोकबहादुर शाह-----१
अधिबक्ता श्री पवनकुमार गुप्ता-----१
अधिबक्ता श्री जनकबहादुर शाही-----१ } निवेदक

**विरुद्ध**

बाँके जिल्ला अदालत-----१
बालसुधार गृह बाँके-----१ } बिपक्षी

**नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) तथा बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भै दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।**

**तथ्य खण्ड**

१. हामी निवेदकहरु कानुन व्यवसायमा संलग्न रही पेशागत हकहितका साथसाथै कानुनको शासन,मानव अधिकार,लोकतन्त्र न्यायिक सर्वोच्चता,सार्वजनिक सरोकारका विषयमा समेत वकालत गर्दै आएका छौ। नोभेल कोरना भाईरसको विश्वव्यापी संक्रमण तथा महामारीका कारण नागरिकको जीवन रक्षाका खातिर नेपाल सरकारले मिति

मितिल २०७६।१२।०७ मा बसेको फुलकोर्टले बालसुधार गृहमा रहेका बालबालिकालाई निजका अभिभावकले अदालतले खोजेका बखत उपस्थित गराउन मन्जुर गरि निवेदन दिएमा आवश्यक प्रकृया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावकको जिम्मा लगाउने व्यवस्था मिलाउने भनी निर्णय गरेको र उक्त निर्णयलाई कार्यान्वयनका लागि सबै अदालतमा पत्राचार भएको तथा उक्त निर्णयलाई कार्यन्वयन गर्न मिति २०७६।१२।१२ र मिति २०७६।१२।२१ को फोलकोर्टले समर्थन गर्दै सोही बमोजिम गर्न गराउन मातहतका अदालतलाई पत्राचार भएको अवस्था छ।प्रतिवादीहरु परिवर्तित नाम लखनवार र पुरैना हाल मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को कसुर (जबरजस्ती करण) मा अभियोग दायर भै मुद्दा पुर्पक्षका क्रममा बाल सुधार गृह बाँकेमा रहेकोमा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको निर्णय र बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा २४ समेतको कानुनी व्यवस्था बमोजिम नाबालकलाई संरक्षकको जिम्मामा लगाई पाँउ भनी निज नाबालकका हकमा अभिभावकले मिति २०७६।१२।१७ मा निवेदन दिएका थिए।उक्त निवेदनको सुनुवाई गर्ने क्रममा कसूरको गम्भिरतालाई विचार गरि अभ४भावकको जिम्मामा छाड्न सकिने अवस्था आएन।नियमानुसार गर्नु भनी बाँके जिल्ला अदालतबाट आदेश भएकोले उक्त आदेशबाट प्रतिवादीहरु परिवर्तित नाम लखनवार र परिवर्तित नाम पुरैना गैरकानुनी रुपमा थुना सरहको बाल सुधार गृह बाँकेमा बस्न बाध्य भएका र सो आदेश बदर गरी बालबालिकालाई गैरकानूनी थुनाबाट मुक्त गराउनका लागि आजको विषम परिस्थितिमान बन्दीप्रत्यक्षीकरण बाहेक अन्य बैकल्पिक र प्रभावकारी उपचारको बाटो नभएको हुँदा सम्मानित श्री सर्वोच्च अदालतको पुर्ण बैठकको निर्णय,यस्तै प्रकृतिका मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट भएका फैसला र आदेश तथा बालबालिकाको सर्वोत्तम हित समेतलाई मध्यनजर राखी परिवर्तित नाम संकेत लखनवार र पुरैनालाई खोजेका बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रकृया पुऱ्याई बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा २४(३) अनुसार बालबालिकालाई आमा,बाबु वा परिवारका अन्य सदस्य वा संरक्षकको जिम्मामा लगाउनु,निज बालबालिकालाई गैरकानुनी थुनाबाट तत्काल छोड्नु छोडाउनु भनी विपक्षीहरुका नाँउमा नेपालको संविधानको धारा १४४(१)(२),न्याया प्रशासन ऐन,२०७३ को दफा ८(१) र उच्च अदालत नियमावली,२०७३ को नियम ३९

बेहोराको परिवर्तित नाम लखनवार समेतको हकमा अधिबक्ता श्री लोक बहादुर शाहसमेतको निवेदन पत्र।

२. यसमा के-कसो भएको हो ?निवेदकको निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत उल्लेख गरी विपक्षी बाँके जिल्ला अदालतलाई उच्च सरकारी वकील कार्यालय नेपालगंज मार्फत र विपक्षी बाल सुधार गृहका हकमा आफै वा कानुन बमोजिमको प्रतिनिधी मार्फत सुनुवाई हुने मिति २०७७।०३।०८ गते दिनको ११ बजे भित्र मिसिल सहित लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी बिपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा पर्ने अवधी व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने मिति २०७७।३।०४ को आदेश ।

३. निवेदकले माग गरे बमोजिम सम्मानित श्री सर्वोच्च अदालतको परिपत्रले बालसुधार गृहमा रहेका बालबालिकालाई अनिवार्य रुपमा छोड्नुपर्ने नभई तथ्य र कानुनको विश्लेषण लगायत अन्य कुरा समेत विचार गरी विवेक प्रयोग गरेर मात्र छोड्न सकिने भनी ईंगित गरेको हो। सोही अनुसार यस अदालतमा निवेदन परि उक्त निवेदन बमोजिम मुद्दा हेर्दा यी निवेदक प्रतिवादीहरुलाई जबरजस्ती करणी जस्तो गम्भिर कसुरमा बाँके जिल्ला अदालतबाट भएको थुनछेक आदेश भएको र कोभिड-१९ को संक्रमणको अवस्थामा अभिभावकको जिम्मामा लगाई पाँउ भनी परेको निवेदन उपर सुनुवाई हुँदा निजहरु उपर मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को कसुर (जबरजस्ती करणी) को अभियोग दायर भई पुर्पक्षका लागि बाल सुधार गृहमा रहेकाले कसुरको गम्भिर्यतालाई विचार गरि अभिभावकको जिम्मामा छाड्न सकिने अवस्था देखिन आएन भनी दुनै निवेदनमा आदेश भएको हो भन्ने समेत बेहोराको बाँके जिल्ला अदालतको लिखित जवाफ।

४. निवेदकहरुलाई सम्मानित बाँके जिल्ला अदालत नेपालगंजको पत्र बमोजिम बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ४३ बमोजिम बालसुधार गृहमा राखिएको हो। प्रस्तुत निवेदन कोरना भाईरसको महामारीको सन्दर्भमा उठान भएको हुँदा सो सम्बन्धमा UNODC ले मार्च ३१ २०२० मा जारि गरेको Position Paper Covid 19 Prepared Responses on Prison मा गरिएको Alternate to Imprisonment सम्बन्धी गरेको सिफारिसलाई सम्बोधन हुने गरी आदेश जारि गरि पाँउ भन्ने समेत बेहोराको बाल सुधार

## आदेश खण्ड

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचिमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निबेदन संहितको मिसिल अध्ययन गरी निबेदकका तर्फबाट उपस्थित हुनुभएका निवेदकहरु अधिबक्ता श्री लोक बहादुर शाह, अधिबक्ता श्री पवनकुमार गुप्ता र अधिबक्ता श्री जनकबहादुर शाही र निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिबक्ताहरु श्री सुनिल कुमार श्रेष्ठ, श्री बसन्त गौतम र श्री विश्वजीत तिवारी समेतले कोभिड-१९ को महामारिका अवस्थामा शारिरिक सामाजिक दुरी कायम गरी कोरना महामारिबाट बच्नका लागि बाल सुधार गृहमा रहेका बालबालिकाका हकमा सम्मानित श्री सर्वोच्च अदालतको पुर्ण बैठकको निर्णय बमोजिम तथा बालबालिका सम्बन्धी ऐन,२०७५ बमोजिम बालबालिकाको सर्वोत्तम हित हुने गरी प्रतिवादी परिवर्तित नाम लखनवार र पुरैनालाई अभिभावकको जिम्मामा लगाउनु पर्नेमा बाँके जिल्ला अदालतबाट निज प्रतिवादीहरुलाई अभिभावकको जिम्मामा लगाउन मनासिब नदेखिएको भनी भएको आदेश बदर गरी प्रतिवादीहरुको स्वास्थ्यको अधिकार र जीवन बाँच्न पाउने अधिकारको सुनिश्चित गरी प्रतिवादीहरुलाई अभिभावकको जिम्मा लगाउने गरी उपयुक्त आदेश जारी गरी पाँउ भनी गर्नुभएको बहस तथा विपक्षीका तर्फबाट उपस्थित हुनुभएका उच्च सरकारी वकिल कार्यालय नेपालगंजका विद्वान शाखा अधिकृत श्री ईश्वरीदत्त जोशीले यी प्रतिवादीहरुलाई जबरजस्ती करणी जस्तो गम्भिर प्रकृतिको मुद्दाका कानुन बमोजिम मुद्दाको गम्भिर्यतालाई समेत विचार गरी बालसुधार गृहमा राख्न पठाईएको कार्य गैरकानुनी नभएको हुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने होईन भनी गर्नु भएको बहस समेत सुनियो।

६. परिवर्तित नाम संकेत लखनवार र संकेत पुरैना जबरजस्ती करणी मुद्दामा पक्राउ परी बाके जिल्ला अदालतको क्रमशः मिति २०७५।१२।११ र मिति २०७६।११।०५ को आदेशले बालसुधार गृह बाकेमा रहेकोमा परिवर्तित कोभिड-१९ को महामारीको अवस्था र सम्मानित श्री सर्वोच्च अदालतबाट भएका निर्देशन समेतका आधारमा बालबालिका सम्बन्धी ऐन,२०७५ बमोजिम अभिभावकको जिम्मा लगाई पाउन भनी बाँके जिल्ला अदालतमा हामी निवेदकहरुले दर्ता गराएको निवेदनमा बाँके जिल्ला अदालतबाट प्रतिवादीहरु परिवर्तित नाम लखनवार र पुरैना हाल मुलुकी अपराध

संहिता,२०७४ को दफा २१९ को कसुर (जबरजस्ती करणी) मा अभियोग दायर भै मुद्दा पुर्पक्षका क्रममा बाल सुधार गृह बाँकेमा रहेकाले कसुरको गम्भिरतालाई विचार गरि अभिभावकको जिम्मामा छाड्न सकिने अवस्था आएन। नियमानुसार गर्नु भनी मिति २०७६।१२।२८ मा भएको आदेश बदरको माग गरी प्रतिवादीहरुलाई अभिभावकको जिम्मामा लगाई पाँउ भनी प्रस्तुत बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको देखियो। निवेदकहरुलाई सम्मानित बाँके जिल्ला अदालत नेपालगंजको पत्र बमोजिम बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ४३ बमोजिम बालसुधार गृहमा राखिएको हो भनी बालसुधार गृहको लिखित जवाफ रहेको देखियो भने प्रतिवादीहरुलाई जबरजस्ती करणी जस्तो गम्भिर कसुरमा बाँके जिल्ला अदालतबाट भएको थुनछेक आदेश भएको र कोभिड-१९ को संक्रमणको अवस्थामा अभिभावकको जिम्मामा लगाई पाँउ भनी परेको निवेदन उपर सुनुवाई हुँदा निजहरु उपर लागेको कसुरको गम्भिर्यतालाई विचार गरि अभिभावकको जिम्मामा छाड्न सकिने अवस्था देखिन आएन भनी दुवै निवेदनमा आदेश भएको हो भन्ने बेहोराको बाँके जिल्ला अदालतको लिखित जवाफ रहेको देखियो।

७. उल्लेखित तथ्य,निवदेन दावी तथा बहस जिकिर रहेको प्रस्तुत निवेदनमा निबेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरण लगायतको उपयुक्त आदेश जारी हुने हो, होइन ? भन्ने बिषयमा निर्णय दिनु पर्ने देखियो।

८. निर्णय तर्फ बिचार गर्दा, बन्दीप्रत्यक्षीकरण (Habeas Corpus) को सैद्वान्तिक पाटोलाई प्रथमतः विवेचना गर्नुपर्ने देखियो। सामान्यतया बन्दी बनाईएका व्यक्तिलाई अदालत समक्ष उपस्थित गर भन्ने बन्दीप्रत्यक्षीकरणको शाब्दिक अर्थ रहेतापनि कानुन विपरीत थुनामा राखिएको भएमा,प्रबृत धारणा बनाई वा बदनियत वा कपटपूर्ण तबरले थुनामा राखिएको भएमा,पक्राउ गर्नुपर्ने कारणको सुचना तथा जानकारी नै नदिई थुनामा राखेको भएमा,प्राकृतिक न्यायको सिद्वान्तको गम्भिर उल्लङ्घन लगायत कानुनले अनिवार्य गरेको प्रक्रियाहरु स्पष्ट उल्लङ्घन गरि थुनामा राखिएको देखिएमा,अख्तियारवाला बाहेक अरुबाट भएको काम कारवाही तथा आदेशले अनधिकृत तबरबाट थुनामा राखिएको भएमा वा स्वच्छ सुनुवाई बेगर वा अभियोग नलगाई थुनामा राखिएको देखिएमा अधिकार क्षेत्रात्मक त्रुटी देखिएमा र यस्तै प्रकारका कानून प्रतिकुल थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने बन्दीप्रत्यक्षीकरणको सामान्यतः सैद्वान्तिक पक्ष हो।

९. प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन हेर्दा प्रतिवादीहरु परिवर्तित नाम लखनवार र परिवर्तित नाम पुरैना जबरजस्ती करणी मुद्दामा क्रमशः मिति २०७५।१२।११ र मिति २०७६।११।०५ का बाँके जिल्ला अदालतको थुनछेक आदेशले बाल सुधार गृहमा रहेका र उक्त जबरजस्ती करणी मुद्दा हाल विचाराधीन अवस्थामा रहेकोमा पुनः परिवर्तित कोभिड-१९ को अवस्थालाई देखाएर अभिभावकको जिम्मा लगाई पाँउ भनी दायर निवेदनमा शुरु अदालतले मिति २०७६।१२।२८ मा आदेश गर्दा प्रतिवादीहरु परिवर्तित नाम लखनवार र पुरैना हाल मुलुकी अपराध संहिता,२०७४ को दफा २१९ को कसुर (जबरजस्ती करणी) मा अभियोग दायर भै मुद्दा पुर्पक्षका क्रममा बाल सुधार गृह बाँकेमा रहेकाले कसुरको गम्भिरतालाई विचार गरि अभिभावकको जिम्मामा छाड्न सकिने अवस्था आएन। नियमानुसार गर्नु भनी आदेश भएको देखियो। उक्त जबरजस्ती करणी मुद्दा फैसला नभई हाल विचाराधीन अवस्थामा रहेको देखिन्छ।

१०. बाल सुधार गृहको स्थापना नै द्वन्दमा परेका बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी गरिएको तथ्यमा विवाद देखिदैन। **बाल सुधार गृहलाई कारागार वा प्रहरीको थुनाकै रुपमा लिन मिल्ने नभई सुधार गृहका रुपमा लिनुपर्ने** (ने.का.प.२०६९ अंक ९ नि.नं.८८८८) भनी सम्मानित श्री सर्वोच्च अदालतबाट सन्तोष थापाको हकमा रिमा थापा निवेदक र पुनरावेदन अदालत पोखरा समेत विपक्षी भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा बोली सकेको अवस्थामा मुद्दा पुर्पक्षको सिलसिलामा सक्षम अधिकार निकाय अर्थात अदालतको आदेश बमोजिम बाल सुधार गृहमा राखिएको कार्यलाई गैर कानुनी थुना(Illegal Detention) को संज्ञा दिई निवेदक माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिन आएन।

११. जहाँसम्म जिल्ला अदालतबाट बाल सुधार गृहमा रहेका निवेदक बालबलिकालाई अभिभावकको जिम्मा लगाउन उपयुक्त नहुने भनी गरेको आदेश मिले नमिलेको के हो? भन्ने तर्फ विचार गर्दा,नेपालको संविधानको धारा ३९(९) मा **जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ** भन्ने सैंवैधानिक व्यवस्था रहेको छ। त्यसैगरी बालबलिका सम्बन्धी ऐन,२०७५ को दफा १६(१) ले **बालिबालिकासंग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारिले कामकारवाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने** र ऐ.को दफा १६(२) मा **जीवन जोखिम भएका बालबलिकालाई**

१२. त्यसैगरी सम्मानित श्री सर्वोच्च अदालतको पुर्ण बैठकले **बालबालिकाहरुमा रोग संक्रमणको जोखिम न्युनीकरण गरी बालबालिकाको सर्वोत्तम हित सुनुश्चित गर्न** अत्यावश्यक देखिएकोले दिशान्तर लगायत थुनाको विकल्प सम्बन्धी विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गर्न र बालबालिकाको स्वास्थ्य जोखिमको आँकलन गरि बालसुधार गृहमा रहेका बालबालिका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले **खोजेका बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने** भनी मिति २०७६।१२।०७ मा निर्णय गरी मातहतका अदालतहरुमा परिपत्र समेत गरेको अवस्था छ। अदालतको फैसला पश्चात् न्यायिक हिरासतमा रहेका बालबालिकालाई समेत अभिभावकको जिम्मा लगाउन पुनः उपयुक्त निर्णय गर्नू भनी भएका आदेश/निर्णय समेत भईरहेको पाईन्छ।

१३.शुरु अदालतको आदेशमा निवेदकहरुलाई बालसुधार गृहबाट अभिभावकको जिम्मामा दिन के कुन आधार र कारणबाट नमिल्ने हो? सो को प्रष्ट उल्लेख भएको देखिन आएन। उल्लेखित कानूनी व्यवस्था,सम्मानित श्री सर्वोच्च अदालतबाट भएको परिपत्र एंवम् सम्मानित श्री सर्वोच्च अदालतबाट भएका विभिन्न आदेशहरु समेतका रोहमा निवेदकहरुलाई राखिएको स्थानको व्यवस्थापन के कस्तो छ? हाल फैलिरहेको कोरना रोगको संक्रमणबाट बाल सुधार गृहमा रहेका यी निवेदक समेतका बालबालिकाहरुलाई समेत प्रभावित पार्न सक्ने नसक्ने के हो?बालबालिका सम्बन्धी ऐनको कानूनी व्यवस्था अनुसार पुर्पक्षका लागि थुनामा रहेका बालकलाई निजको अभिभावकको जिम्मा लगाई मुद्दा पुर्पक्ष गर्न मिल्ने नमिल्ने के हो?अपराध गर्दा र हाल निवेदकको उमेर अवस्था के कस्तो छ? भन्ने विषय लगायतको बालबालिकाको सर्वोत्तम हितका विषयमा समेत विश्लेषण गरी अभिभावकको जिम्मा दिन मिल्ने नमिल्ने के हो? भन्ने आदेश हुनु पर्नेमा उल्लेखित विषयतर्फ केही नबोली केवल गम्भिर अभियोग लागेको कारणले मात्र अभिभावकको जिम्मा दिन नमिल्ने भनी भएको आदेश मिलेको भनी मान्न मिलेने देखिन आएन।

१४.अतः मुद्दा पुर्पक्षका निमित्त बाल सुधार गृहमा राखिएको निवेदकहरुलाई गैरकानुनी रुपमा थुनामा राखिएको भनी मान्न मिल्ने अवस्था नदेखिएकोले निवेदक माग अनुरुप ... अवस्था नदेखिएपनि कोभिड-१९ को

संक्रमणको जोखिमलाई न्युन गर्न सम्बद्ध निकायहरुले हर सम्भव प्रयास गर्नुपर्ने र प्रत्येक नागरिक त्यसमा पनि बालबालिका र बृद्धबृद्धाहरुलाई बिशेष रुपमा हेरिनुपर्ने भन्ने परिप्रेक्षमा सम्मानित श्री सर्वोच्च अदालतबाट कोभिड-१९ संग सम्बन्धित रही यसै प्रकृतिका निवेदनहरुमा भएका आदेशहरु समेतका आधारमा नेपालको संविधानको धारा ३९ ले प्रत्याभूत गरेको हक संरक्षण गर्नु पर्नेमा द्वीविधा हुनुपर्ने भएन। बालबालिका सम्बन्धि ऐन,२०७५ को दफा १६(१) मा रहेको कानूनी व्यवस्थाका आधार समेतमा बालबालिकासंग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारवाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई गर्नुपर्ने भन्ने व्यवस्था समेत रहेको पाईदा यी निवेदकहरुले कोभिड-१९ को संक्रमण हुन सक्ने र सो बाट बच्न समेतका लागि सम्मानित श्री सर्वोच्च अदालतबाट समेत दिईएको सुविधा अनुरुप अभिभावकको जिम्मा मा बस्न पाँउ भनी दिएको निवेदनमा बाँके जिल्ला अदालतबाट जबरजस्ती करणीको अभियोगमा मुद्दा पुर्पक्षका लागि थुनामा राखिएका हुँदा अभिभावकको जिम्मामा छाड्न मिल्दैन भनी भएको आदेश मिलेको नदेखिंदा बदर गरिदिएको छ।

१५. अब, कोभिड-१९ महामारिले श्रृजित अवस्थाबाट उत्पन्न विषम परिस्थिति र वारदातका बखतको प्रतिवादको उमेर परिवर्तित सन्दर्भ समेतलाई विचार गरि बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्दै खोजेका बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रकृया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सकिने कानूनी व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४(३) मा देखिंदा प्रतिवादीहरु परिवर्तित नाम संकेत लखनवार र परिवर्तित नाम संकेत पुरैनाका हकमा पुनः उपयुक्त निर्णय गर्नु भनी बाँके जिल्ला अदालतका नाममा यो आदेश जारि गरिदिएको छ। अरु कुराको हकमा तपसिल बमोजिम गर्ने गरी यो आदेश गरिदिएको छ।

## तपसिल

- माथी आदेश खण्डमा प्रतिवादी परिवर्तित नाम संकेत गणेशपुरका हकमा पुनः उपयुक्त निर्णय गर्नु भनी बाँके जिल्ला अदालतका नाममा यो आदेश जारि गरिदिएको छ भनी आदेश भएकोले आदेशको प्रतिलिपी साथै राखी आदेशको जानकारी बाँके जिल्ला अदालतमा लेखी पठाउनु----------------------------------------------------------१
- नक्कल माग्ने सरोकारवालालाई नियमानुसार आदेशको नक्कल दिन-

- आदेशको प्रति बिद्युतीय प्रणालीमा अपलोड गरी प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू---------------------------३

(हेमराज पन्त)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(राजेश कुमार काफ्ले)
न्यायाधीश

<u>**आदेश तयारपार्न सहयोग गर्ने**</u>

इजलास अधिकृतः- तिर्थराज आचार्य

इति सम्वत् २०७७ साल अषाढ महिना ०९ गते रोज ३ शुभम्------------------------।

न्यायाधीश

फैसला प्रमाणिकरण भएको मितिः- २०७७।३।१७

अदालतको छाप